मिति २०७३/५/५ गतेका दिन प्र.जि.अ. श्री डा.मान बहादुर बीकेज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित कार्यालयहरु/संस्थानहरुको प्रमुखको बैंठकमा भएको निर्णयः-

१. श्री गृह मन्त्रालय (स्थानीय प्रशासन शाखा) को च.नं.७१, मिति २०७३/४/३१ को निर्णय कार्यान्वयन गर्ने बिषयक पत्रको व्यहोरा बैंठकमा छलफल भई कालोबजार, कृत्रिम अभाव, मूल्य बृद्धि तथा बजार नियमन गरी सर्वसाधारणलाई उपभोग्य बस्तु सुलभ र सहज उपलब्ध गराउने व्यवस्था गर्न बिषयगत कार्यालयहरुले जिल्ला प्रशासन कार्यालयको प्रतिनिधित्वमा नियमित रुपमा बजार अनुगमन कार्य गर्ने गराउने व्यवस्था मिलाउने ।

२. श्री क्षेत्रीय प्रशासन कार्यालय, म.वि.क्षे., हेटौंडाको च.नं.१७७, मिति २०७३/४/३० को परिपत्र बिषयक पत्रको व्यहोरा बैंठकमा छलफल भई उक्त २८ बुदें निर्देशनको कार्यान्वयन प्रगति प्रत्येक महिनाको ५ गतेभित्र बिषयगत कार्यालयहरुले जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा पठाउने ।

३. श्री क्षेत्रीय प्रशासन कार्यालय, म.वि.क्षे., हेटौंडाको च.नं.१८४, मिति २०७३/४/३२ को कार्ययोजना सम्बन्धमा बिषयक पत्रको व्यहोरा बैंठकमा छलफल भई आ-आफ्ना कार्यालयसँग सबन्धित कार्यहरुको कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरी पाँच (५) दिनभित्र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा पठाउने ।

४. हेटौंडा उपमहानगरपालिका कार्यालय, हेटौंडाको च.नं.१९२०, मिति २०७३/५/१ को प्लाष्टिक तथा पोलिप्रोपीलिन झोला आयात/निर्यात बिक्री वितरण, उपभोग सम्बन्धी सरोकारवालाहरु बीच भएको निर्णयको बारेमा जानकारी भयो ।

५. केही जिल्लास्थित कार्यालयहरुले जिल्ला प्रशासन कार्यालयको समन्वय बिना घुम्ती सेवा संचालन गर्ने गरेको पाईएकोले सुशासन (व्यवस्थापन र संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५ (नियम १५ को उपनियम २/३ मा घुम्ती सेवा सामूहिक वा अलग-अलग रुपमा संचालन गर्ने गरी सम्बन्धित प्र.जि.अ.ले संयोजन गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा) बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउने ।

६. PAP For All नामक आन्तरिक राजश्व कार्यालयको कार्यक्रम कार्यान्वयनका लागि सबै जिल्लास्थित कार्यालयहरुले कार्यालय र कर्मचारीहरुको स्थायी लेखा नं.(PAN) लिने व्यवस्था मिलाउने तथा कर वापत कट्टी गरिने रकम समेत PAN मा प्रविष्ट गर्ने गराउने व्यवस्था मिलाउने ।

७. जिल्लास्थित सबै सरकारी कार्यालयहरुले सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन गर्ने गराउने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गर्ने व्यवस्था मिलाउने ।

८. जिल्लास्थित सबै सरकारी कार्यालयहरुले आन्तरिक सुरक्षा व्यवस्था रणनीति बनाई जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

डा.मान बहादुर बीके
प्रमुख जिल्ला अधिकारी